नेपाल नागरिक उड्डयन प्राधिकरण

# पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा

## बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सुचना प्रकाशन मितिः२०८२/११/०१**

पोखरा विमानस्थल फेवा टावर(पुरानो विमानस्थल)को परिसर भन्दा बाहिर पश्चिम तर्फ रहेको यस कार्यालयको कर्मचारी आवास गृह तथा मुस्ताङ चोक स्थित सटरहरुको बीचमा अवस्थित खाली जग्गा व्यवसायिक प्रयोजनको लागि बहालमा दिने सम्बन्धमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले प्रचलित कानूनको अधीनमा रही बोलपत्र पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण www.caanepal.gov.np तथा www.pia.caanepal.gov.np मा उपलब्ध छ।

**तपशिलः**

| सि. न. | ठेक्का नं | जम्मा क्षेत्रफल | जग्गा बहालमा दिने स्थान | ५ (पाँच) बर्षका लागि न्युनतम ठेक रकम रु. | बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | PIA/2082/83/CORP/03 | १,६३०.८६ वर्गमिटर | पोखरा विमानस्थल फेवा टावर(पुरानो विमानस्थल)को परिसर भन्दा बाहिर पश्चिम तर्फ रहेको यस कार्यालयको कर्मचारी आवास गृह तथा मुस्ताङ चोक स्थित सटरहरुको बीचमा अवस्थित खाली जग्गा | ४९,२०,०००/- (उनन्पचास लाख बीस हजार रुपैया मात्र) | ३,३९०/- (मूल्य अभिवृद्धि कर सहित) | सूचना प्रकाशित भएको मितिले ३०(तीस) औ दिनको कार्यालय समय भित्र | सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजे भित्र | सूचना प्रकाशित भएको मितिले ३१ औ दिनको १४:०० बजे |

नेपाल नागरिक उड्डयन प्राधिकरण
Civil Aviation Authority of Nepal
Pokhara International Airport Civil Aviation Office
2055

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा**
**बोलपत्र आव्हानको सूचना**
**( प्रथम पटक सूचना प्रकाशित मिति २०८२ /११/०१)**

पोखरा विमानस्थल फेवा टावर(पुरानो विमानस्थल)को परिसर भन्दा बाहिर पश्चिम तर्फ रहेको यस कार्यलयको कर्मचारी आवास गृह तथा मुस्ताङ चोक स्थित सटरहरुको बीचमा अवस्थित १६३०.८६ व.मि. क्षेत्रफल भएको खाली जग्गा व्यावसायिक प्रयोजनका लागि बहालमा दिने सम्बन्धमा ठेक्का (ठेक्का नं. PIA/2082/83/CORP/03) बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत प्राप्त गरेका इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :–

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) दिनभित्र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको नाममा नेपाल बैक लिमिटेड, पृथ्वी चोक शाखामा रहेको (खाताको नाम:Pokhara International Airport Civil Aviation Office Pokhara) खाता नम्बर १९२००१०७४१९९७३००००१ मा रु.३,३९०/- (अक्षरेपी: तीन हजार तीन सय नब्बे रुपैया) मूल्य अभिवृद्धि कर सहित (पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेश गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिबाट ३०(तीस) दिनको कार्यालय समयभित्र खरिद गरी ३१(एकत्तीस) औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही (३१औ) दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद र दर्ता गरिनेछ ।

३. बोलपत्रसाथ फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण सहित), सम्बन्धित निकायबाट व्यवसाय सञ्चालन गर्न प्राप्त इजाजत पत्र, मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/आय विवरण पेस गरेको प्रमाण वा म्याद थप भएको प्रमाणको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्न काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व:घोषणापत्र पेस गर्नुपर्नेछ ।

४. व्यावसायिक प्रयोजनका लागि जग्गा बहालको अवधि ५ (पाँच) वर्षको हुनेछ । सो अवधिको न्यूनतम आय अनुमान रकम रु.४९,२०,०००/-(अक्षरेपी उनन्पचास लाख बीस हजार रुपैया मात्र) कायम गरिएको छ । साथै बहाल रकममा हरेक दुई वर्षमा दश प्रतिशतका दरले स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने थप बहाल रकम समेत बुझाउनु पर्नेछ ।

५. उक्त जग्गामा अस्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नुपरेमा कार्यालयको स्वीकृति लिएर मात्र संरचना निर्माण गर्नुपर्नेछ ।

६. कार्यालयको स्वीकृति लिई स्थायी भौतिक प्रकृतिको संरचना निर्माण गरिएको अवस्थामा सम्झौता अवधि समाप्त भएपश्चात सो जग्गामा निर्मित स्थायी संरचना यथास्थितिमा कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ ।

७. बहालमा लिएको जग्गामा कुनै भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा सम्बन्धित निकायबाट अनुमति/इजाजत लिनुपर्ने भएमा सम्बन्धित निकायबाट अनुमति इजाजत लिएर मात्र निर्माण गर्नुपर्नेछ । बहालमा लिने जग्गामा कुन व्यवसाय सञ्चालन गर्ने हो, सो स्पष्टसंग खुलाउनुपर्नेछ ।

८. प्राधिकरण तथा मातहतका कार्यालयलाई बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति, फर्महरुले बोलपत्रमा भाग लिन पाउनेछैन ।

९. स्वीकृत न्युनतम आय अनुमान रकम(न्युनतम ठेक अंक) को ५% ले हुने बोलपत्र जमानत रकम यस कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, पृथ्वी चोक, पोखरा शाखामा रहेको(खाताको नाम:POKHARA INTERNATIONAL AIRPORT CAO DEPOSIT) धरौटी खाता नम्बर १९२००१०७४१९९७३००००३ मा दाखिला गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकवाट जारी भएको कम्तीमा १८० दिन (बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ ।

१०. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, पोखरा, कास्कीलाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

११. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा प्रष्टसंग नबुझिने गरी भरिएको बोलपत्र फारमलाई मान्यता दिईने छैन ।

१२. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

१३. बोलपत्र स्वीकृत गर्ने वा विना कारण अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१४. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१५. यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको वेबसाइट www.caanepal.gov.np र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको वेबसाइट www.pia.caanepal.gov.np मा उपलब्ध हुनेछ ।

१६. यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१७. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१८. सूचनामा उल्लेख भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक ठानिएका अन्य शर्तहरु सम्झौता पत्रमा समेत राखिनेछ ।